# गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३
महिला तथा बालबालिका शाखा

प. स. : २०७९/०८०
च. न. : १६३६

**महिला उद्यमी तथा महिला उद्यमी समुहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी**

**सूचना !**

**(सुचना प्रकाशित मिति : २०७९।०९।०८)**

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार काठमाडौंको मिति: २०७९।०९।०१ को प्रकाशित सूचना अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अर्न्तगत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समुह र २० (बीस) जना महिला उद्यमीहरुलाई प्रविधी सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ । अत: महिला उद्यमशिलता विकास वित्तिय पहुँच ,टेवा र प्रविधि सहयोग कार्यक्रम संचालन कार्यबिधि,२०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समुहले यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (२०७९।०९।१५ गतेभित्र) प्रबिधि सहयोगका लागी यस **नगरपालिकाको कार्यालय, महिला तथा बालबालिका शाखामा** तपसिलका कागजात सहित निबेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

**महिला उद्यमी र महिला उद्यमी समुहले निबेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) उद्योग/व्यवसाय दर्ता वा नविकरणको प्रमाणपत्र,
ख) स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्दि कर दर्ताको प्रमाणपत्र,
ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,
घ) आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र ,
ङ) व्यावसायिक योजना
च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता ।

२०७९।०९।०८

प्रवीण कोइराला
प्रमुख प्रशासकीय अधिकृत

period of ...
last date of bid submission.

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९ पुस १ गते शुक्रबार)

यस मन्त्रालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम
अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीहरुलाई प्रविधि सहयोग उपलब्ध
गराउने कार्यक्रम रहेको छ । **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग**
**कार्यक्रम सञ्चालन कार्यविधि, २०७७** को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुका
समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा
देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय :** महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरु:

(क) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,
(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,
(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,
(घ) आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,
(ङ) व्यावसायिक योजना,
(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता ।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरु साथ सलग्न कागजातहरुको आधारमा
कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनोट गरी निवेदन दिने
समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको महिला सम्बन्धी विषय हेर्ने
मन्त्रालयहरुमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै, महिला उद्यमशीलता
विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको
**वेबसाइट : www.mowcsc.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।
**नोट :** ७५३ वटै स्थानीय तह र सातै प्रदेशको उल्लिखित मन्त्रालयले यसै सूचनालाई आधार मानी महिला
उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ ।
स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मिति : २०७९ साल पुस १५ गते कार्यालय समयभित्र ।